दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १३७ | बुटवल | २०८२ बैशाख ३१, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday May.14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# ओभरलोड नरोक्दा पुल र सडकमा बारम्बार क्षति

**अबौं लगानीका सडक र पुललाई जोगाउने हो भने क्षमताभन्दा बढी भारका भारतीय ट्रकलाई भन्सार बिन्दुमै रोक्न नेपाली ट्रक व्यवसायीले माग गरेका छन् ।**





**टिआर शर्मा**
*बुटवल*

बुटवल-नारायणघाट सडकको चोरमारास्थित गिरुबारी खोला पुलमा सोमबार साँझ अधिक भारको कारण स्टिल ट्रसको बिचको स्पानको सुपर स्ट्रक्चर दब्न गयो । जसका कारण सो पुलबाट यातायात सञ्चालनमा रोक लगाइएको छ । सवारी साधन आवत जावतका लागि डाइभर्सन बनाउनु परेको छ ।

गत पुस २६ गते दिउँसो एन एल ०१ ए एच ५१७९ नम्बरको भारतीय नम्बर प्लेटको हेभी ट्रक कृष्णनगरबाट पूर्वतर्फ पास हुने क्रममा बुटवल-नारायणगढ खण्डको दुम्कीबासस्थित विनयी खोला पुल एक्कासी भाँचियो । त्यो पुल अझैंसम्म बनेको छैन ।

कृष्णनगरबाट आएको उक्त भारतीय ट्रकले शिवम् सिमेन्ट उद्योगको लागि हेभी जेनेरेटर मेसिन बोकेको थियो । जुन भार नेपालका सडकको भारवहन क्षमताभन्दा अत्यधिक धेरै हो ।

नेपाली ट्रक व्यवसायीहरुले ओभरलोड बोक्ने भारतीय ट्रकमा नियन्त्रण गर्न बारम्बार आन्दोलन गर्दै आए पनि सरोकारवाला निकायले बेवास्ता गर्दा माथिका दुई घटना जस्तै एकपछि अर्को नेपाली पुल र सडकमा क्षति हुने गरेको छ ।

नेपाली ट्रक व्यवसायीहरुले नेपालको सडकको क्षमताभन्दा बढी भार बोकेका भारतीय ट्रक प्रवेशमा रोक लगाउन सरकारसँग माग गरेका छन् । सरकारले भन्सार विन्दुमै ओभरलोडका भारतीय ट्रकलाई रोक्नुपर्ने उनीहरुको माग छ ।

ट्रक व्यवसायी महासंघ लुम्बिनी प्रदेशसहित लुम्बिनी प्रदेशका चार वटा ट्रक समितिले भारवहनसम्बन्धी राज्यले बनाएका ऐन कानुन अनुसार भन्सार बिन्दुमै भारतीय ट्रकको ओभरलोड नियन्त्रण गरिनुपर्ने माग गर्दै आएका छन् ।

वर्षौंदेखि ओभरलोड नियन्त्रण गर्न पटक-पटक आन्दोलन गरे पनि राज्यका निकायले बेवास्ता गर्दा यसअघि रुपन्देहीको घोडाहा, पश्चिम नवलपरासीको लोकाहा र अहिले दुम्किबासको पुल भाँचिएको ट्रक व्यवसायी महासंघ लुम्बिनी प्रदेश अध्यक्ष यमप्रसाद पाण्डे बताउँछन् । 'हामीले वर्षौंदेखि ओभरलोड नियन्त्रण गर्न माग गर्दै पटक-पटक आन्दोलन गऱ्यौं, तर राज्यले हाम्रो मागलाई बेवास्ता गरेन, त्यसैको परिणाम अहिले गिरुबारी खोला पुल भाँचियो, गत पुसमा दुम्किबासको पुल भाँचिएको हो', अध्यक्ष पाण्डेले भने-'नेपालका सडक र पुलले थेग्न नसक्ने ओभरलोड बोक्ने भारतीय गाडीकै कारण नेपालका अर्बौं लगानीका पुल र सडकमा क्षति भएको छ ।'

राज्यले बनाएको कार्यविधि र निर्देशिका अनुसार भन्सार बिन्दुमै तौल मापन गरेर बढी भारलाई अनिवार्य झार्नुपर्ने अन्यथा १५ सय रुपैयाँ जरिवाना लिएर छुट दिँदा नेपालका पूल र सडकमा सधैँ क्षति भइरहने उनले बताए ।

मालवाहक सवारी साधन भारवहन नियमनसम्बन्धी कार्यविधि २०७१ (संशोधन २०७४) अनुसार मालवाहक सवारीले प्रस्थान विन्दु नजिक, मध्य बिन्दु र गन्तव्य नजिकको तौलपुलमा अनिवार्य रुपमा तिन पटक तौल गराई लोडसिट राखेर मात्र सवारी साधन सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर यो व्यवस्था पालना नभएको अध्यक्ष पाण्डेले बताए । पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलका अध्यक्ष टिकाराम गौतमले भारतीय गाडीलाई ओभरलोड बोक्न छुट दिँदा सडक र पुलमा मात्र क्षति नभई नेपाली ट्रक व्यवसायीको व्यवसाय नै संकटमा परेको जनाए ।

'ओभरलोड गाडीको सामान भन्सार बिन्दुमा पल्टी (सामान झार्ने)को व्यवस्था पूर्णरुपमा कार्यान्वयन नहुँदा नेपाली ट्रक व्यावसायीहरुले बिजनेस पाउन सकेका छैनन्, ट्रक व्यवसायमा भएको निजी क्षेत्रको करोडौंको लगानी समेत जोखिममा परेको छ, सयौं व्यवसायीहरु पलायन भएका छन्,' गौतमले भने-'नेपालका सडक र पुललाई जोगाउन तथा नेपाली ट्रक व्यवसायीलाई पलायन हुन नदिने एउटै उपाय भारतीय गाडीको ओभरलोडलाई भन्सार बिन्दुमै कडाइका साथ नियन्त्रण हो ।'

ट्रक व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेलले सरकारले निर्धारण गरेको मापदण्डअनुसार नेपाली सडकको बनावट र भारवहन क्षमता ४० टन मात्र रहेको छ । जसअनुसार ६ चक्के ट्रकले १० टन, १० चक्के ट्रकले १७ टन, १२ चक्के ट्रकले २१ टन र १४ चक्के ट्रकले २५ टन सम्म मात्रै लोड बोक्न पाउने र नेपाली सडकले भार थेग्न सक्ने पोखरेलले बताए ।

तर भन्सार प्रशासन र प्रहरी प्रशासनको उदासिनताले यो मापदण्ड भन्दा दोब्बर बढी भार बोकेका भारतीय गाडीलाई जरिवाना गराएर उमुक्ति दिइँदै आएको पोखरेलले बताए ।

मालवाहक सवारी साधन भारवहन नियमनसम्बन्धी कार्यविधि २०७१ (संशोधन २०७४) लागू भएको अवस्था र कार्यविधिको दफा २ को (झ) मा मालवाहक सवारी साधनले बोकेको सामान सहितको भार प्रमाणित हुने सम्बन्धित सरकारी निकायको वा नेपाल ट्रक यातायात व्यवसायी महासंघले सञ्चालन गरेका तौल पुलले जारी गरेको प्रमाणित कागजात अनिवार्य रुपमा लिएर हिंड्नुपर्ने व्यवस्था छ ।

» बाँकी ३ पेजमा

## जनमतकी प्रदेश सांसदद्वारा राजीनामा



बुटवल । जनमत पार्टीकी लुम्बिनी प्रदेश सांसद गीता गुरुङले पदबाट राजीनामा दिएकी छन् । प्रदेशसभा सदस्य गुरुङले सभामुखलाई पठाएको पत्रमा जनताले तिरेको करबाट पाउने पारिश्रमिक लिन उपयुक्त नभएको राजीनामा पत्रमा लेखिकी छन् ।

'राष्ट्र देश जनताभन्दा माथि कोही हुँदैन भन्ने मेरो मान्यता हो,' उनले लेखेकी छन्-'जनताले तिरेको करबाट मैले पाउने पारिश्रमिक लिन उपयुक्त छैन । तसर्थ आजैका मितिबाट पदमुक्त हुन राजीनामा पेस गर्दछु ।'

बेलायत रहेकी गुरुङले सभामुख तुलाराम घर्तीमगरलाई मंगलबार पत्र लेखेर राजीनामा पठाएकी हुन् ।

रुपन्देहीकी गुरुङलाई जनमतले समानुपातिक सांसद बनाएको थियो ।

सांसद पदबाट राजीनामा दिएकी गुरुङका श्रीमान कैलाश गुरुङ अघिल्लो महिना उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी नेपालमा प्रवेश गरेका थिए । यादव भैरहवा गएर जनमतका नेता कार्यकर्तालाई जसपा नेपालमा स्वागत गरेका थिए । उनका श्रीमान कैलाश जनमत पार्टीको कार्यकारणी सदस्य एवं आदिवासी महासंघको अध्यक्ष समेत थिए ।

जनमतका लुम्बिनी प्रदेश संसदीय दलका नेता चन्द्रकेश गुप्ताले राजीनामा पठाएको सुनेको, तर औपचारिक रुपमा जानकारी प्राप्त नभएको बताए । सभामुखसँग बुधबार भेटेर थप प्रक्रियाबारे छलफल हुने गुप्ताले जानकारी गराए ।

गुरुङसँग राजीनामा दिएको विषयमा सोधपुछ गर्न खोजिए पनि सम्भव हुन नसकेको गुप्ताले बताए । उनका अनुसार, गुरुङको संसदीय भूमिकाप्रति जनमतका पार्टी नेताहरू असन्तुष्ट थिए ।

बेलायतमा बस्ने हुँदा पार्टी र संसदप्रति जिम्मेवारी बहन गर्न नसकेको गुप्ताले बताए । जनमतका लुम्बिनी प्रदेश सभामा तीन सांसद छन् ।

## गभर्नर दाबेदार डा. पौडेलविरुद्ध मुद्दा

बुटवल । अर्थशास्त्री डा. विश्व पौडेलविरुद्ध सर्वोच्च अदालतमा मंगलबार रिट निवेदन पेश भएको छ ।

नेपाल राष्ट्रबैंकको ऐनविपरीत राजनीतिक दलका सदस्यलाई गभर्नर नियुक्त गर्न लागिएको भन्दै पौडेलविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन पेश भएको हो ।

रिटमा राजनीतिक दलबाट सिधैं नियुक्ति गरिनु नेपाल राष्ट्र बैंक ऐन, २०५८ को प्रतिकूल भएको दाबी गरिएको छ ।

अधिवक्ताद्वय प्रतीभा उप्रती र विशाल थापाले रिट पेश गरेका हुन् । प्रमुख सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबिच पौडेललाई गभर्नर नियुक्त गर्ने सहमति जुटेको चर्चा छ ।

यही चर्चाबिच गभर्नर छनोट समितिका सदस्य रहेका पौडेलले आइतबार त्यसबाट राजीनामा दिएका थिए । यसअघि गभर्नर बनाउन सहमति जुटेको भनिएका डा. गुणकर भट्टविरुद्ध पनि सर्वोच्चमा रिट परेको छ ।

## कोरिया पढ्न जानेलाई एनओसी बन्द

बुटवल । दक्षिण कोरियामा भाषा तथा स्नातक अध्ययन गर्न जाने विद्यार्थीलाई दिइने वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) सरकारले स्थगित गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मंगलबार सूचना जारी गर्दै एनओसी स्थगित गरेको हो ।

डी टू र डी फोर भिसा नियमन गर्न कार्यदल गठन गर्ने र त्यसले दिने प्रतिवेदनको आधारमा थप निर्णय लिइने मन्त्रालयले जनाएको छ ।

सूचनामा कोरियामा डी टू र डी फोर भिसामा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई एनओसी दिन स्थगित गरिएको उल्लेख छ ।

सरकारले विद्यार्थीहरू (विशेष गरी अन्डर ग्राजुएट कोर्स अध्ययन गर्न) सुरुदेखि नै रोजगारीमा बढी प्राथमिकता दिएकाले अध्ययनमा निरन्तरता नहुने, स्टडी आवर कम भएका विश्वविद्यालयमा भर्ना हुने, पैसा कमाउन प्राथमिकता दिँदा अध्ययनको निरन्तरतामा समस्या आउने, कोरिया सरकारले कालोसूचीमा राखेका विश्वविद्यालयहरूमा समेत विद्यार्थी पठाउने गरेको जस्ता कारण देखाएको छ ।

मन्त्रालयले विद्यार्थीलाई कन्सल्टेन्सीहरूले कोरिया जानेबित्तिकै अवैधानिक रूपमा भए पनि काम गर्न पाइने भनेर आश्वासन दिने, तर उता गएपछि सोंचेजस्तो नहुँदा विद्यार्थीहरू मानसिक तनाव र समस्यामा पर्ने गरेको गुनासोसमेत आएको जनाएको छ ।

## सहकारी ठगी प्रकरणमा कांग्रेस सांसद राईविरुद्ध मुद्दा



बुटवल । काठमाडौं कालीमाटीको स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा नेपाली कांग्रेसकी सांसद माया राईविरुद्धको पुरक अभियोजनमा ३७ लाख बढी बिगो मागदाबी गर्दै मुद्दा दायर भएको छ ।

२० जनाको जाहेरीको पुरक अभियोजनमा ३७ लाख ३५ हजार ८४३ रुपैयाँ बिगो मागदाबी गर्दै मुद्दा दायर भएको हो । सांसद राई यो सहकारीको सह-सचिव समेत थिइन् । उनको पालामा सहकारीको रकम अपचलन भएको थियो ।

यसअघि यो सहकारी ठगी प्रकरणमा २१ पुसमा ३९ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा ६९० बचतकर्ताको १ अर्ब १९ करोड ३० लाख ९० हजार ४९३ रुपैयाँ हिनामिना गरेको भन्दै मुद्दा दायर भएको थियो ।

जिल्ला प्रहरी परिसर काठमाडौंले गरेको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालय बबरमहलले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो ।

राईसहितका व्यक्तिलाई प्रतिवादी बनाउँदै पूरक अभियोजनमार्फत् मंगलबार सहकारी ठगीको कसुरमा मुद्दा दायर भएको छ ।

यो सहकारी ठगी प्रकरणमा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेसहितका व्यक्तिमाथि मुद्दा दायर भएको थियो । उनीपछि धरौटीमा रिहा भएका थिए ।

यसअघि सांसद राईलाई उन्मुक्ति दिँदै मुद्दा दर्ता भएको थियो । सांसद राईलाई उन्मुक्ति दिएको भन्दै आलोचना भएपछि १३ बैशाखमा प्रहरीले कपनबाट सांसद राईलाई पक्राउ गरेको थियो ।

उनीविरुद्ध सहकारी ठगी र संगठित अपराधको कसुरमा मुद्दा दर्ता भएको छ । संगठित अपराधको कसुरमा ६० दिनसम्म प्रहरी हिरासतमा राखेर अनुसन्धान गर्न सकिने व्यवस्था भए पनि सांसद राईको हकमा भने १७ दिनमै अदालतमा मुद्दा दर्ता भएको हो ।



# सम्पादकीय

## खोई रूरूक्षेत्र गुरुयोजना कार्यान्वयन ?

रिडी हिन्दु धर्मावलम्बीहरुका लागि पवित्र ठाउँ हो। ऋषिकेशव मन्दिर र कालीगण्डकी नदीको महिमा एकातिर छँदैछ, त्यससँगै जोडिएका विषय र संस्कृतिले यो क्षेत्रलाई समुन्नत बनाएको छ। पौराणिककालदेखि रिडी अर्थात् रूरूक्षेत्रका बारेमा चर्चा भएको पाइन्छ। त्यसपछि नेपाल एकीकरण पूर्वको शक्तिशाली पाल्पा राज्यका राजा मणिमुकुन्द सेनको पालामा यो क्षेत्रको चर्चा अझैं विस्तार भएको पाइन्छ। यहाँ रहेका ऋषिकेशव मन्दिर सहितका एक दर्जन पूराना मन्दिरलगायतका संरचना धार्मिक र साँस्कृतिक दृष्टिले निकै महत्वपूर्ण छन्।

धार्मिक, ऐतिहासिक र साँस्कृतिक दृष्टिले महत्वपूर्ण स्थल रिडीको विकासलाई पर्यटन प्रवर्धनसँग जोडेर जान सके यहाँको भविष्य उज्ज्वल छ। केही दशकअघिसम्म रिडीलाई जुन ढंगले महत्व दिइयो, त्यो क्रमशः ओझेलमा पऱ्यो। ओझेलमा पर्दै गएपछि सरकारले पनि विकास र प्रवर्धनमा महत्व दिएन्। नेपाल एकीकरणअघि सेनकालमा रिडीको महिमा र महत्व जसरी प्रकट भयो, त्यसपछि पनि शासकहरुले महत्व नै दिए। राणाहरुले पनि रिडीको महत्वलाई धेरै नै महत्व दिए। श्री ३ जुद्ध शमसेरले शासन सञ्चालन हस्तान्तरण गरेर रिडी नजिकैको अर्गलीमा दरबार बनाउन लगाई पूजापाठ गरी बसे। श्री ५ त्रिभुवनको निधनपछि उनको अस्तु रिडी ल्याएर कालीगण्डकीमा विर्सजन गरिएकाले पनि तत्कालीन अवस्थामा रिडीलाई महत्व दिइन्थ्यो भन्ने सहजै अनुमान गर्न सकिन्छ। समय बित्दै जाँदा ओझेलमा परेको रिडीको महत्व उजागर गरी पर्यटकीय लाभ लिन आवश्यक छ।

एकातिर रिडीको साँस्कृतिक र ऐतिहासिक विषयको प्रचारलाई प्राथमिकता दिनुपरेको छ, अर्कोतिर पूर्वाधार निर्माणलाई पनि उत्तिकै जोड दिन आवश्यक छ। अहिले योजनाबद्ध नभए पनि प्रचारको कामले केही गति लिएको छ। रिडीलाई आकर्षक साँस्कृतिक र धार्मिक गन्तव्य बनाउने गरी लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलको पालामा गुरुयोजना बनाएर काम अघि बढेको भए पनि गुरुयोजनाअनुसार कार्यक्रम र बजेट विनियोजन गर्ने काम भएको छैन। रूरूक्षेत्र विकास गुरुयोजनाका ७९ वटा क्षेत्रमध्ये एउटा तटबन्ध गर्ने काम अघि बढेको भए पनि त्यसका लागि पर्याप्त बजेट विनियोजन हुन सकेको छैन। अरू आयोजना अघि बढाउनका लागि बजेट विनियोजनको आशा गर्नु त झनै व्यर्थ छ।

पर्यटन क्षेत्रको बजेट टोलका स-साना मन्दिर बनाउन खर्च गर्ने, तर यस्ता ऐतिहासिक र साँस्कृतिक विरासत बोकेका स्थलको प्रवर्धन गर्न चासो नदिने राजनैतिक नेतृत्वबाट मुलुकको विकास र समृद्धिको आशा गर्नु मरूभूमिमा पानी खोज्नु झैं हो। श्रोत कमजोर भएको मुलुकमा मितव्ययी भएर शासन प्रणाली व्यवस्थापन गर्न आवश्यक गर्न जति आवश्यक छ, त्यति नै जनआकांक्षा पूरा गर्न पर्यटन प्रवर्धनका कार्यक्रमलाई अघि बढाउन ढिलाइ गर्न हुन्न।

पर्यटनका लागि हामीले चर्का कुरा गर्न आवश्यक छैन। कनिका छरेझैं छरिएको बजेटलाई सम्हालेर रिडी झैं साँस्कृतिक स्थलमा पूर्वाधार विकासमा खर्च गर्दा राज्य र समुदायले लाभ पाउँछ। रिडीको विकासका लागि तयार गरिएको रूरूक्षेत्र गुरुयोजना अनुसारको काम अघि बढाउन सरोकारवाला निकायको ध्यान जान आवश्यक छ।

# दोहोरो अङ्कले घट्यो नेप्से



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अङ्कको गिरावट भएको छ। नेप्से परिसूचक १४ दशमलव ८७ अङ्कले घटेर दुई हजार छ सय ३४ दशमलव २३ को बिन्दुमा कायम भएको हो।

तीन सय १४ कम्पनीको दुई करोड १८ लाख २८ हजार दुई सय ३१ कित्ता शेयर एक लाख दुई हजार चार सय ४५ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ६३ करोड ४८ लाख १२ हजार छ सय १२ बराबरको कारोबार भएको छ। विकास बैंक समूह शून्य दशमलव ८८, जीवन बिमा शून्य दशमलव ९५ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ३०, वित्त एक दशमलव ९१, होटल तथा पर्यटन दुई दशमलव २१, जलविद्युत् एक दशमलव १८ र लगानी समूह शून्य दशमलव ७९ प्रतिशतले घटेको छ। त्यसैगरी, लघुवित्त शून्य दशमलव ६९, म्युचुअल फन्ड शून्य दशमलव १८, निर्जीवन बिमा समूह शून्य दशमलव ५९, व्यापार दुई दशमलव ४६ र अन्य समूह शून्य दशमलव ६० प्रतिशतले घटेको छ।

कारोबारमा क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ९३ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा युनिभर्सल पावर कम्पनी लिमिटेड सबैभन्दा माथि छ। यो कम्पनीको रु ६७ करोड २० लाख ८५ हजार ८० बराबरको १५ लाख ४६ हजार चार सय ८९ कित्ता शेयर किनबेच भएको छ।

## जम्मु कस्मिरमा भएको हत्या सन्दर्भः

# अमुक देशलाई आतंकवादी करार गर्नु हुँदैन



झपेन्द्र जिसी

नेपालको परराष्ट्र नीतिको आधार असंलग्न परराष्ट्र नीति नै हो। गुट पक्षधर नेपाल हुन सक्दैन। निरपेक्षताका आधारमा बुद्धको संयक् दृष्टिका साथ शान्ति कायम गर्न लाग्नु नेपाल राज्य र नेपाली जनताको कर्तव्य हो।



१. धर्मको बहाना बनाएर गरिने राजनीति अत्यन्त निचताको पराकाष्ठ हो। यो कुनै व्यक्तिको राजनीतिको भऱ्याङ बन्न सक्छ। यही भऱ्याङ वा लिस्नोलाई हाइ-हाइ गर्ने प्रवृत्ति हाम्रो समाजमा छ। यो हाइहाइ गर्ने प्रवृत्ति बढिरह्यो भने व्यक्ति त खास मतलबीका बिचमा लोकप्रिय बन्न सक्छ। तर अन्ततः यसले समाजलाई हानि सिवाय कुनै कल्याण गर्दैन।

२. धर्म भनेको मानवको कल्याण गर्नु हो। धर्मको अर्थ कर्तव्यपराणयता हो। मानव र मानवीय वातावरण, प्रकृति समेतको संरक्षण गर्नु हो। बोटबिरुवा मात्र होइन, सबै प्राणीहरु बाघ, भालु, सर्प, मृग, खरायो, जरायो, वानर अनि सबै खाले पंक्षी जगत विच्छी, किटादि यहाँसम्म कि झिंगासमेतको समुचित र सन्तुलित मात्रामा संरक्षण गर्नु पनि हो।

३. यी सबै बाँचे भने मात्र हावापानी स्वच्छ हुनेछ। अनि पनि बुद्धिमान र जान्ने बुझ्ने र सभ्य ठानिएको मानवको हित भलो हुनेछ।

४. आजकाल सामान्यतया मान्छेले धर्म भनेको हिन्दू, इस्लाम, क्रिस्यिनिटी शिख, वहाई आदिलाई बुझ्ने गरेको पाइन्छ।
त्यही बुझाइअनुसार मानिसहरु त्यस्तै मतमा आबद्ध भएको पाइन्छ। आफूले मानिआएको मतलाई सर्वश्रेष्ठ ठान्ने र अरु माने गरेको मत वा मतालम्बीलाई निकृष्ठ ठान्ने प्रवृत्तिले अनावश्यक द्वन्द्वको सिर्जना भएको पाइन्छ।

५. पौराणिक महाभारत युद्ध पनि त्यस्तै हो। हाम्रो भेकतिर कृष्ण र पाण्डवको पक्षमा र दुर्योधन र कौरवको विपक्षमा विचारधारा निर्माण भएको पाइन्छ।

६. पौराणिक कथा वा रामायण कथाको प्रसङ्ग पनि त्यस्तै छ। राम पनि हिन्दु र रावण पनि हिन्दु भएको बताइन्छ। तर यो कथाको शीर्षक नै रावायण नराखेर रामायण राखिएको छ। शीषर्कमै कथाकार वा महाकाव्यकार ऋषि वाल्मिकीले रामायण राखेर राम पक्षको पृष्ठपोषण गरेका छन् र रावणप्रति घृणा जगाइएको छ। शिवका सच्चा उपासक रामभन्दा त रावण नै देखिन्छन्। तर रावणप्रति घृणा जगाउने कथाकुथुङ्गी काव्य महाकाव्यको सिर्जना गरेका छन्। कथामा रावणलाई राक्षस र रामचन्द्रलाई मर्यादा पुरुष विष्णुको अवतार, साक्षत भगवान बनाइएको छ। धन्य हो कलमको टुप्पो!
अनि त्यसैअनुसार हाम्रो दिल दिमागभित्र पनि राम भनेका असल पात्र र रावण भनेको खराब पात्र हुन भन्ने छाप परेको छ। त्यही अनुसार भजनर्कितन हुने गरेको छ। लेखा जोखा कसले गर्ने ? कहिले गर्ने ?

७. एउटै धार्मिक मत मान्ने सम्प्रदायभित्र पनि यस्ता काटमार छन्। यो हिन्दुमा मात्र होइन।

८. इस्लामतिर हेर्ने हो भने सिया र सून्यीको त्यस्तै द्वन्द्व छ। इसाइ धर्मतिर पनि प्रोटेस्स्याम्ट र क्याथेलिक आदि इत्यादि।

९. हिन्दुभित्र त फेरि अझ कति हो कति ! ओम शान्ति, फेरि कृष्णाप्रणयामी आदि इत्यादि ३०औं सम्प्रदाय जन्मदै छन्। आफ्नै मत सर्वश्रेष्ठ आफैं ठूलो भन्ने मतले समाजलाई भाँडेको छ। धर्मले भाँड्यो भन्ने हो भने जिब्रो थुतिन के बेर ? तैं चुप मै चुप !

१०. स्मरण गरौं, हालै जम्मु कस्मिर गएका पर्यटकहरुलाई कुन धर्म सम्प्रदाय वा राजनीतिक विचार दृष्टिकोणबाट प्रेरित भई अथवा चल्तेचलातेमा २६ जनाको हत्या गरियो। यस दुःखद् घटनामा हाम्रो बुटवलका एक जना सुदीप न्यौपानेको पनि हत्या भयो।

११. घटनाको दृश्य भिडियोमा एक जना महिलाले हामीलाई पनि हत्या गर भनेर ठाडो चुनौती दिइन्।
ती नाम थाहा नभएका कथित हत्यारा भनिएका त्यो जत्थाललाई केही महिलाहरुले हाम्रो पनि हत्या गर भनेर चुनौती दिए। त्यो जत्थाले हामीले तिमीलाई हत्या गर्दैनौं ! हामीले किन हत्या गऱ्यौं, तिम्रो मोदीलाई गएर सोध भनेको सुनियो। दृश्य र श्रव्य यही थियो। तिम्रो मोदीलाई गई सोध भनेर जत्थाले भने। यो एउटा गम्भीर प्रश्न हो।

१३. जम्मु कस्मिर हत्याकाण्डको जतिसुकै भर्त्सना र खेद प्रकट गरे पनि कमी नै हुनेछ। किनकि लुकेर छिपेर विना कारण हत्या जस्तो जघन्य अपराध हुनु आतंककारी पराकाष्ठा हो।

१४. घटनापछि भारत जस्तो क्षेत्रीय शक्तिशाली देशले पाकिस्तानका विरुद्ध सिन्दुर अपरेशन गर्ने घोषणा गरेको छ। सिन्दुर अपरेशन भने पनि सिम्प्रिक अपरेशन भने पनि सैन्य अपरेशन नै हो। जम्मु कस्मिरको आम हत्या घटनालाई पाक सरकारले सञ्चालन गरेको भन्ने कुनै ठोस आधार छैन र थिएन।

१५. भारतले सिन्दुर अपरेशनको नाममा फाइटर र ड्रोन पाक क्षेत्रमा प्रहार गर्न थालेपछि पाकिस्तान पनि के कम ? उसले पनि फाइटर ड्रोन भारततर्फ प्रहार गर्न सुरु गरेको छ। टिट फर ट्याटको व्यवहार राम्रो होइन।

१६. तनाव ! तनाव !! महा तनाव सुरु भएको छ। भारत पाकिस्तान उत्तेजित भएर होइन संयमित भएर तनाव कम गर्न लाग्नु क्षेत्रीय शान्ति बनाइ राख्ने आधार हुने हुँदा संयमित होऊन् भन्ने सार्क राष्ट्रहरुको अध्यक्ष नेपालको आह्वान पनि छ।

**निचोडः**
नेपालको परराष्ट्र नीतिको आधार असंलग्न परराष्ट्र नीति नै हो। गुट पक्षधर नेपाल हुन सक्दैन। निरपेक्षताका आधारमा बुद्धको संयक् दृष्टिका साथ शान्ति कायम गर्न लाग्नु नेपाल राज्य र नेपाली जनताको कर्तव्य हो।
स्मरण रहोस् बाबरी मस्जिद वा राम जानकी मन्दिर अयोध्यामा छ त भनेर उत्खनन् गर्दै जाँदा अध्योयामा अन्ततः बुद्धका प्रतिमाका भग्नावेश प्राप्त भए झैं नै हुनेछ भन्ने लेखकको विश्वास छ। त्यसैले म शतप्रतिशत ठीक, ऊ शतप्रतिशत गलत भनेर दाबी गर्नु कसको हितमा छैन।

# रोग नियन्त्रणको नयाँ दृष्टिकोणः रोकथामकै बाटो

डा.पार्थ गुरागाईं

आजको समयमा मानव स्वास्थ्यमा गम्भीर असर पार्ने रोगहरूको सूची हेर्दा गैर-संक्रामक रोगहरू अग्रस्थानमा छन्। हृदयाघात, मधुमेह, क्यान्सर, उच्च रक्तचाप र मोटोपन जस्ता रोगहरूको वृद्धिदरले स्वास्थ्य प्रणालीलाई चुनौती दिइरहेको छ। यी रोगहरू एकल कारणबाट उत्पन्न हुँदैनन्। बहुक्रियात्मक सिद्धान्तले यी रोगहरूको उत्पत्तिमा जैविक, सामाजिक, आर्थिक र पर्यावरणीय जोखिम कारकहरूको सँगैको प्रभावलाई देखाउँछ।

**बहुक्रियात्मक रोग उत्पत्तिः रोगको विकास कसरी हुन्छ ?**

रोग उत्पत्तिमा एकभन्दा बढी कारकहरूको भूमिका हुन्छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार, गैर-संक्रामक रोगहरूको ७० प्रतिशत भन्दा बढी मृत्यु बहुक्रियात्मक कारणहरूको परिणाम हो। केही प्रमुख जोखिम कारकहरूको चर्चा गरौंः

**१. शारीरिक कारकहरू**

- अस्वस्थ आहारः अत्यधिक बोसोयुक्त र तारेको परिकार, कम फाइबरयुक्त खाना र चिनीको अत्यधिक सेवन प्रमुख कारक हुन्।
- शारीरिक निष्क्रियताः नियमित व्यायामको अभावले मोटोपन, मधुमेह र हृदयाघातको जोखिम बढाउँछ।
- उमेर र लिङ्गः ४० वर्षपछि गैर-संक्रामक रोगहरूको जोखिम बढ्छ।

**२. व्यवहारजन्य कारकहरू**

- धूम्रपान र मद्यपानः धूम्रपानले क्यान्सर र हृदयाघातको जोखिम बढाउँछ भने रक्सीले कलेजो र रक्तवाहिनी प्रणालीमा असर पार्छ।
- तनाव व्यवस्थापनको अभावः दीर्घकालीन मानसिक तनावले उच्च रक्तचाप र मधुमेहजस्ता रोगहरूको जोखिम बढाउँछ।

**३. सामाजिक र पर्यावरणीय कारकहरू**

- प्रदूषणः वायु प्रदूषणले श्वाससम्बन्धी रोगहरू र हृदयाघातको जोखिम बढाउँछ।
- आर्थिक असमानताः स्वस्थ आहार र स्वास्थ्य सेवामा पहुँचको अभाव।

**हृदयाघातको उदाहरणः रोग उत्पत्तिको ज्वलन्त पाठ**

हृदयाघात बहुक्रियात्मक रोग उत्पत्तिको उत्कृष्ट उदाहरण हो। अनुसन्धनले देखाएको छ कि धूम्रपानले हृदयाघातको जोखिम २-४ गुणा बढाउँछ। पारिवारिक इतिहास भएको व्यक्तिमा अन्य जोखिम कारकहरू थपिँदा जोखिम ९ गुणा बढी हुनसक्छ।

अमेरिकामा गरिएको फ्रामिंघम हर्ट स्टडीका निष्कर्षले देखाएको छ कि उच्च रक्तचाप र उच्च कोलेस्ट्रोल भएका व्यक्तिहरूमा हृदयाघातको सम्भावना दोब्बर हुन्छ। नेपालमा पनि यस्तै जोखिम कारकहरू बढ्दै गइरहेका छन्।

**रोकथामका लागि प्रारम्भिक र प्राथमिक दृष्टिकोण**

प्रारम्भिक रोकथाम

प्रारम्भिक रोकथामले जोखिम कारकहरू विकास हुनै नदिनेतर्फ ध्यान केन्द्रित गर्छ।

- नीतिगत सुधारः
- अस्वस्थ खाना, चुरोट र रक्सीमा उच्च कर लगाउने।
- स्वस्थ आहार र शारीरिक गतिविधिलाई प्रोत्साहित गर्ने नीतिहरू।
- सामाजिक सचेतनाः
- विद्यालयस्तरमा स्वास्थ्य शिक्षाको विस्तार।
- स्थानीयस्तरमा योग र व्यायाम केन्द्रहरूको प्रवर्धन।
- पर्यावरण सुधारः
- प्रदूषण नियन्त्रणका लागि हरित क्षेत्रको विकास।
- स्वच्छ खानेपानी र हावाको सुनिश्चितता।

**प्राथमिक रोकथाम**

पहिले नै जोखिममा परेका व्यक्तिहरूमा रोग विकास रोक्न प्राथमिक रोकथाम प्रभावकारी हुन्छ।

- स्वास्थ्य शिक्षा र जनचेतना
- धूम्रपान र मद्यपानको जोखिमबारे जानकारी दिने।
- नियमित व्यायाम र सन्तुलित आहारको महत्त्व।
- नियमित स्वास्थ्य परीक्षणः
- रक्तचाप, कोलेस्ट्रोल र रक्त ग्लुकोजको नियमित जाँच।
- जोखिममा परेका व्यक्तिहरूका लागि व्यक्तिगत परामर्श।

नेपालमा रोग नियन्त्रणका चुनौती र सम्भावना

**चुनौतीहरूः**

- स्वास्थ्य सेवाको सीमित पहुँचः ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवाको अभाव।
- आर्थिक र सांस्कृतिक बाधाः
- स्वस्थ आहार र नियमित स्वास्थ्य परीक्षणका लागि **आर्थिक स्रोतको अभाव :**
- परम्परागत अस्वस्थ जीवनशैली।
- नीतिगत कमजोरीः गैर-संक्रामक रोगहरूको रोकथामलाई प्राथमिकतामा नराख्नु।

**सम्भावनाः**

-समुदायको सहभागिताः स्थानीय क्लब र संघ-संस्थामार्फत् स्वास्थ्य सचेतना अभियान।

- डिजिटल प्रविधिको प्रयोगः मोबाइल एप्स र टेलिमेडिसिनमार्फत् स्वास्थ्य सेवा।
- नीतिको कार्यान्वयनः गैर-संक्रामक रोगहरूको रोकथामका लागि प्रोत्साहन कार्यक्रम।

**अनुसन्धानले देखाएको भविष्य**

नयाँ अनुसन्धानहरूले प्रारम्भिक र प्राथमिक रोकथाममा लगानी गर्दा दीर्घकालीन रूपमा स्वास्थ्य सेवा खर्च घट्ने देखाएको छ। उदाहरणका लागि, फिनल्यान्डमा गरिएको एक अध्ययनले स्वास्थ्य शिक्षामा लगानीका कारण हृदयाघातका घटनाहरूमा ५० प्रतिशत कमी आएको थियो।

**निष्कर्ष**

गैर-संक्रामक रोगहरूको नियन्त्रण बहुक्रियात्मक रोकथाम रणनीतिबाट मात्र सम्भव छ। रोग लाग्नुभन्दा रोकथामको उपाय अपनाउनु दीर्घकालीन र दिगो समाधान हो। प्रारम्भिक र प्राथमिक रोकथाममा लगानी गरेर समाजमा दीर्घकालीन स्वास्थ्य सुधार ल्याउन सकिन्छ।

'स्वास्थ्य हाम्रो सम्पत्ति हो' भन्ने नाराका साथ, हरेक व्यक्तिले आजैबाट आफ्नो जीवनशैली सुधार गर्दै समाजलाई स्वस्थ बनाउन पहल गर्नुपर्छ।

# गाजा दहमा थपिए पर्यटकीय पूर्वाधार



बागलुङ । बागलुङको गाजा दह समुन्द्री सतहबाट दुई हजार ५०० मिटरको उचाइमा अस्थित छ । धार्मिक रूपमा महत्त्वपूर्ण क्षेत्र मानिएको गाजा दहमा पछिल्लो समय पर्यटकीय पूर्वाधार थपिन थालेका छन् ।

जैमिनी नगरपालिका-३ मा पर्ने गाजा दह बागलुङको गलकोट नगरपालिका, काठेखोला गाउँपालिका र बरेङ गाउँपालिकाको शिरमा पर्दछ । यहाँ जैमिनी नगरपालिका र स्थानीयको अगुवाइमा ताल संरक्षण, पूर्वाधार तथा सिद्ध बराहको मन्दिर निर्माणलगायत पूर्वाधार थपिँदै गएका हुन् ।

अहिले मन्दिर निर्माणको चरणमा रहेको छभने गाजा दहलाई पृष्ठभूमिमा पारेर तस्विर खिच्नेगरी झुलासहितको पूर्वाधार गत वर्ष निर्माण गरिएको जैमिनी नगरपालिकाले जनाएको छ । ताल वरपर परम्परागत शैलीमा ढुङ्गा छपाएर रेलिङसहितको पदमार्ग निर्माण गरिएको छ । गाजादहमा पूर्वाधार निर्माण गर्न महायज्ञ लगाएर सहयोग रकमसमेत सङ्कलन गरिएको जैमिनी-३ का वडाध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिए ।

उनले प्रदेश र स्थानीय सरकारले पूर्वाधार निर्माणमा सामान्य सहयोग गरे पनि थप पूर्वाधार निर्माणका लागि महायज्ञमार्फत् रु ७२ लाख सङ्कलन गरिएको जानकारी दिए । उनका अनुसार अहिले दहभित्र २० फिटको सिद्ध बराहको मन्दिर निर्माण भइरहेको छ । स्थानीयको रु १० लाख र महायज्ञको रु १० लाख गरी रु २० लाखको लागतमा सिद्ध बराहको मन्दिर निर्माण थालिएको उनले बताए ।

"गत वर्ष रु तीन लाखको लागतमा नगरले दहमा दृश्यावलोकनस्थल निर्माण गरेको थियो । अहिले सिद्ध बराहको मन्दिर निर्माण थालिएको छ, पदमार्गसहित संरचना थपिएका छन् । पूर्वाधार थपिँदा शौन्दर्यकरणमा वृद्धि भएको छ, ताल संरक्षण मुख्य चुनौती हो", भुजेलले भने-"धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिएको यस दहमा आन्तरिक पर्यटकको आगमन वृद्धि भएको छ । अहिले गुराँसको वनभित्रको ताल मनमोहक देखिन्छ ।"

गाजा दहमा सदरमुकाम बागलुङ बजारबाट २४ किलोमिटरको यात्रा पूरा गरेपछि पुग्न सकिन्छ । यहाँ रहेको सिद्ध बराहको थानमा जैमिनी, गलकोट, बागलुङ, काठेखोला र बरेङका बासिन्दा नियमित पूजा गर्छन् । गाजादहबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रेलगायत एक दर्जन हिमशृंखला देख्न सकिने त्यहाँ पुगेका हिमाल सुवेदीले बताए । उनले दह पुग्ने सडक थप स्तरोन्नति गर्नुपर्नेमा जोड दिए ।

सिँगानासम्म कालोपत्र सडक पुगे पनि त्यहाँबाट १४ किमी स्तरोन्नति हुन बाँकी छ । हरेक वर्ष सिद्धथानमा बैकुण्ठ चतुदर्शी तथा बाला चतुदर्शीमा परम्परागत मेला लाग्ने भएकाले दहको महत्त्व बढ्दै गएको वडाध्यक्ष भुजेलले उल्लेख गरे ।

"यहाँ बाला चतुदर्शीमा सतबिज छर्नेको घुइँचो लाग्ने गर्दछ । चिसो हावापानीमा गाजा दहको काखमा बसेर घरबासको स्वादिष्ट परिकार खान पाउने व्यवस्था मिलाइएको छ । गण्डकी प्रदेश सरकारले दहलाई एक सय पर्यटकीय गन्तव्यको सूचीमा राखेको छ ।"-उनले भने ।

महायज्ञमा सङ्कलन भएको रकम पर्यटकीय पूर्वाधार निर्माणमा खर्च गरिने जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताए । उनले दहको प्रचारप्रसार र प्रवर्धनमा पालिकाले सघाउँदै आएको उल्लेख गरे । धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको दहको समग्र विकासका लागि पालिकाले गुरुयोजना बनाउने उनले जानकारी दिए ।

प्रचारप्रसार र पूर्वाधारको अभावले ओझेलमा परेको गाजा दहलाई संरक्षण र प्रवर्धन गर्न यहाँका स्थानीय अग्रसर भएपछि पूर्वाधार निर्माणले गति लिन थालेको हो । दहको धार्मिक र ऐतिहासिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने, संरक्षण गर्दै ताल परिसरमा सिद्ध बराह भगवान्को पूर्णकदको मूर्ति निर्माण गर्नेलगायत उद्देश्य बनाइएको छ ।

# नेपालमा सीए शिक्षामा अब नयाँ पाठ्यक्रम




काठमाडौं । नेपालमा चार्टर्ड एकाउन्टेन्सी (सीए) शिक्षामा अब नयाँ पाठ्यक्रम लागु हुने भएको छ ।

लेखा व्यवसायको नियमनकारी निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) ले मंगलबार राजधानीमा एक कार्यक्रम आयोजना गरी नयाँ पाठ्यक्रम लागु भएको जानकारी गराएको हो ।

आइक्यान अध्यक्ष प्रविणकुमार झाका अनुसार सीए शिक्षामा युवापुस्ताको बढ्दो आकर्षण ध्यानमा राख्दै नयाँ पाठ्यक्रम बनाइएको छ । अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गरिएको र यसले नेपालमा पढेका सीएले संसारको जुनसुकै देश पुगेर समेत सहजै काम गर्न सक्ने वातावरण बनाउने उनको भनाइ छ ।

# वाइसीएल गुल्मीमा कँडेल

गुल्मी । वाइसीयल नेपाल गुल्मी जिल्लाको चौथो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट रवि कँडेल सर्वसम्म निर्वाचित भएका छन् । उपाध्यक्षमा लिलबहादुर बोहरा, केशव भण्डारी, तिर्सना नेपाली निर्वाचित भएका छन् ।

सचिवमा गोविन्द हिताङ्ग निर्वाचित भएका छन् । सह-सचिवमा प्रकाश सुनार, सोही पदमा युवराज चन्द, र कोषाध्यक्षमा दिपक बुढा निर्वाचत भएको र ५१ सदस्यीय कार्य समिति बनेको निर्वाचन मण्डलका संयोजक पदमप्रसाद पाण्डेले जानकारी दिए ।

निर्वाचत कार्य समितिलाई वाइसीयल नेपालका केन्द्रीय ठाकुर शौरागले पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए । पार्टीको तर्फबाट प्रदेश कमिटी सचिवालय सदस्य तथा पूर्व जिल्ला पार्टी संयोजक युवराज केसीलगायतका नेताहरुले बधाई मन्तव्य राखेका थिए ।

सम्मेलनका माओवादी केन्द्रका केन्द्रीय उपाध्यक्ष तथा पूर्वमन्त्री नारायणकाजी श्रेष्ठले उद्घाटन गरेका थिए ।

---

**ओभरलोड...**

तर भारतीय ओभरलोड ट्रकहरुले सो व्यवस्था उल्लंघन गरेका कारण नेपालका राष्ट्रिय राजमार्ग र पुल पुलेसामा क्षति हुनुका साथै दुर्घटना समेत हुने गरेको पोखरेलले बताए ।

मालवाहक सवारी साधनको भारवहनसम्बन्धी निर्देशिका २०७४ (संशोधन सहित) अनुसार नेपालका सडकमा ट्रकको तौलसहित अधिकतम ४०.२ टन मात्र भार हुनुपर्छ ।

तर भारतीय ट्रकले क्षमताभन्दा दोब्बरसम्म बढी भार बोकेर गुड्ने गरेपनि राज्य पक्षले प्रभावकारी नियन्त्रण गर्न नसक्दा नेपालका पुल र सडकमा ठूलो क्षति पुगिरहेको उनले जनाए ।

'१५ सयदेखि ३ हजार रुपैयाँको जरिवाना रसिद काटेर भारतीय ट्रकलाई क्षमताभन्दा झण्डै दोब्बर ओभरलोड बोक्न छुट दिँदा यसअघि रुपन्देहीको घोडाहाको पुल र पश्चिम नवलपरासीको लोकाहा पुल पनि भाँचिएको थियो, अहिले दुम्कीबासको पुल भाँचिएको छ,' पोखरेलले भने-'सरकारले ओभरलोड भारतीय ट्रकलाई रोक्न नसक्दा नेपालका पुल र सडकमा अप्रत्यक्षरुपमा अर्बौंको क्षति भएको छ, यसतर्फ राज्य निरीह र लाचार छ ।'

ट्राफिक प्रहरीले जरिवाना संकलन गर्ने आर्थिक प्रलोभनमा तौल पुल निर्देशिका कार्यान्वयनमा बेवास्ता गरेको आरोप लगाए । आर्थिक लाभका लागि निर्देशिका कार्यान्वयनमा ट्राफिक प्रहरीले बेवास्ता गरेको पोखरेलको दाबी छ ।

सरकारी निकायको बेवास्ताले भारतीय ओभरलोड गाडीका कारण नेपाली सडक र पुल भत्किँदै गएका र स्वदेशी व्यवसायीहरु काम नपाएर धराशायी हुने क्रममा रहेका उनले बताए । यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ध्यान जानुपर्ने व्यवसायीको माग छ ।

## ECHS कार्ड हराएको सूचना

मेरो निम्न व्यहोरा भएको ECSH कार्ड बुटवलबाट भैरहवा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न फोन नं. मा सम्पर्क गरिदिनु होला

**नाम :** पुरन शाही
**ठेगाना :** तिनपा-१, नयाँमिल, रुपन्देही
**ECHS नं कार्ड. :** NE 00002864386
Ex indian army N0- 5851417Y
**सम्पर्क :** ९८६७४०४५१७

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

तुल्साराम राहुतको छोरी, टेक बहादुर वस्नेतको छोराबुहारी, कमान सिं वस्नेतको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. १२ बस्ने शिवकली वस्नेतले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१३४९ संचालन गर्दै आउनु भएकोमा मिति २०७९/०७/२४ मा निज खातावाला शिवकली वस्नेतको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरी नाता पर्ने दिपकला थापाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक शिवकली वस्नेतको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नरिश्वर घिमिरेको नाति, झविलाल घिमिरेको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, छत्रकोट गाँउपालिका वडा नं. ०६ बस्ने कृष्ण प्रसाद घिमिरेले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३६९८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०७/२५ मा निज खातावाला कृष्ण प्रसाद घिमिरेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने राम कुमारी घिमिरेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कृष्ण प्रसाद घिमिरेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

## बिमालेख हराएको सुचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।१२।२१गते रामग्राम ९ देखी परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : सितारानि थारु चौधरी
**ठेगाना** : रामग्राम -९ नवलपरासी
**बिमालेख न** : १५००३८३३९
**मोबाइल न** : ९७६२७३६७१२

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

कर्ण बहादुर पुनको नाति, धन बहादुर पुनको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, मुसिकोट नगरपालिका वडा नं. ०४ बस्ने बाल कृष्ण पुनले यस शाखामा बचत खाता नं. २०९१५२४१४०८८८२ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१०/२९ मा निज खातावाला बाल कृष्ण पुनको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने अनिकला पुनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक बाल कृष्ण पुनको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

शिवलाल विश्वकर्माको छोरी, कलाधर विश्वकर्माको छोराबुहारी, देउते विश्वकर्माको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, सत्यवती गाँउपालिका वडा नं. ०७ बस्ने यमकली विश्वकर्मा भन्ने इमकली देवीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४६८४ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०८/१६ मा निज खातावाला यमकली विश्वकर्मा भन्ने इमकली देवीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने प्रेम बहादुर विश्वकर्माले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक यमकली विश्वकर्मा भन्ने इमकली देवीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेतसूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

शिवलाल पाण्डेको छोरी, भक्तिराम पाण्डेको छोराबुहारी, हरिलाल पाण्डेको श्रीमती लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, छत्रदेव गाँउपालिका वडा नं. ०७ बस्ने हरिकला पाण्डेले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३१८२ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०९/१९ मा निज खातावाला हरिकला पाण्डेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने टामलाल पाण्डेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक हरिकला पाण्डेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धन वहादुर पुनको नाति, शेर वहादुरको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, सत्यवती गाँउपालिका वडा नं. ०८ बस्ने निल प्रसाद पुनले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४६८८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०८/१८ मा निज खातावाला निल प्रसाद पुनको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने तुल्सी पुनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक निल प्रसाद पुनको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

## श्री रुद्रपुर माध्यमिक विद्यालय
**कञ्चन-४, रुपन्देही**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०१/२८

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२-०१-२६ को बैठकको निर्णय तथा कञ्चन गाउँपालिकाको च.नं. १५०८ मिति २०८२-०१-२८ गतेको शिक्षक पदपूर्तिको लागि प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह राहत कोटामा रही शिक्षण गर्नका लागि शिक्षक पदपूर्ति गर्नु पर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**तपसिलः**

- **विज्ञापन नं.** : ०२/०८१/०८२
- **पद** : माध्यमिक तह (राहत कोटा )
- विषय : विज्ञान
- **संख्या** : १ जना
- **न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त विश्व विद्यालयबाट विज्ञान विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
- **तलब स्केल** : नेपाल सरकारको नियमानुसार ।
- **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **निवेदन दिने अन्तिम मिति** : २०८२-०२-११ आइतबार दिउँसो ४:०० बजे सम्म
- **सम्पर्क मिति** : २०८२-०२-११ गते दिउँसो ४:०० बजे पछि ।
- **परीक्षा किसिम** : लिखित तथा अन्तरबार्ता आवस्यक परेमा प्रयोगात्मक समेत हुनेछ ।
- **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
- **निवेदन दस्तुर** : १५०० ।-

**आवश्यक कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अध्यापन अनुमति पत्रको प्रतिलिपि
- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि (एस.एल.सी वा सो सरह भन्दा माथिका सबै)
- अनुभव भएमा अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरु
- विदेशी संस्थाबाट उत्तीर्ण उम्मेदवारहरुले अनिवार्य रुपमा समकक्षता पेश गर्नु पर्नेछ ।

*पुनश्च : शिक्षक सेवा आयोगबाट लुम्बिनी प्रदेशको माध्यमिक तहको उल्लेखित पद, तह र विषयमा करार सूची २०८१ मा रहेका उम्मेदवारको दरखास्त पर्न आएमा अन्य उम्मेदवारहरुको दरखास्त फिर्ता गरिने छ ।*

**थप जानकारीको लागि सम्पर्क नम्बरहरु :**
९८४७०८२८१२, ९८१३९३४६६२,९८४७२४७४१०
**प्रधानाध्यापक**

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**मौलाकालिका मन्दिर:**
नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट-१ मा रहेको प्रसिद्ध ऐतिहासिक धार्मिकस्थल मौलाकालिका मन्दिर। तत्कालिन पाल्पाली राजा मणि मुकुन्द सेनले मौलो गाडेर पूजा सुरु गरेको यस धार्मिकस्थलमा पछिल्लो समय पूजाअर्चनका लागि आउने भक्तजनको संख्या बढ्दो छ। तस्विर : टेकराज पोखरेल/रासस

# कारागारलाई उद्योगग्राम बनाऔं : गृहमन्त्री



बुटवल। गृहमन्त्री रमेश लेखकले कारागारलाई खुला सुधारगृह मात्र नभएर उद्योगग्रामका रूपमा स्थापित गर्ने बताएका छन्।

कारागार कार्यालय मोरङको नवनिर्मित भवन तथा संरचनाको मंगलबार उद्घाटन गर्दै गृहमन्त्री लेखकले कारागारमा बस्ने कैदीबन्दीको समय सदुपयोग गरी आयआर्जनमा सहयोग पुऱ्याउने उद्देश्यले आधुनिकीकरणसहित कारागारलाई उद्योगग्रामका रुपमा रुपान्तरण गर्न लागेको स्पष्ट गरे।

उनले प्रचलित कानुनी प्रावधानबमोजिम कारागारमा राख्नुपर्ने बाध्यात्मक व्यवस्था भए पनि कैदीबन्दीको मानव अधिकारप्रति सरकार संवेदनशील रहेको बताए।

लोकतन्त्रमा सबै व्यक्तिको मानवअधिकार सुनिश्चित हुने प्रसङ्ग उल्लेख गर्दै उनले कैदीबन्दीको तुलनामा कारागार भवन कम भएको र आवश्यक पूर्वाधारसमेत नभएको भन्ने गुनासो सम्बोधन गर्ने पक्षमा आवश्यक गृहकार्य भइरहेको जानकारी दिए।

फरक प्रसङ्गमा उनले वर्तमान सरकार गठन भएको १० महिनाको अवधिमा केही कानुनी तथा नीतिगत व्यवस्था सुधारसहित आवश्यक वातावरण तयार गरेपछि वस्तु आयातमा कमी र निर्यात वृद्धि भएको, विदेशी मुद्राको सञ्चिति बढेको, निजी क्षेत्र उत्साहित भएको र मुलुकको समग्र आर्थिक परिसूचकहरू सन्तोषजनक रहेको बताए।

# गुरुयोजना बनाएर तिलौराकोटको विकास : लामा



कपिलवस्तु। लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामा (खेन्पो छिमे छिरिङ) ले प्राचीन शाक्य राज्यको राजधानी तिलौराकोट (कपिलवस्तु) को गुरुयोजना बनाएर विकास गर्नु पर्ने बताएका छन्। तिलौराकोटमा आयोजित २५६९औँ बुद्ध जयन्ती तथा प्रसूति उत्सव कार्यक्रममा बोल्दै कपिलवस्तु, रामग्राम र देवदहको विकासका लागि गुरुयोजना बनाएर बौद्ध विहार र गुम्बाहरु निर्माण गर्नु पर्ने बताएका हुन्। "कम्तिमा पूजा गर्नका लागि गुम्बा चाहियो, आउने पर्टकहरुलाई बासको व्यवस्था गर्नु पर्यो।"- उनले भने। तिलौराकोट विश्व सम्पदा सूचीमा सूचीकरण हुने अन्तिम चरणमा रहेको जानकारी दिँदै उपाध्यक्ष लामाले यस क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधिहरुले पहल गर्नुपर्ने बताए।

२०४२ सालमा निर्माण गरिएको लुम्बिनी विकास ऐनले प्रदेश र स्थानीय सरकारले नचिन्ने भएका कारण ऐन संशोधन गर्नु पर्नेमा जोड दिए। ऐनमा जे सुकै उल्लेख भएको भए पनि प्राचिन सम्पदाहरुमा स्थानीयको पहिलो अधिकार हुने भएकाले तिलौराकोट क्षेत्रको विकासका लागि हातेमालो गर्न स्थानीय बासिन्दासँग उनले आग्रह गरे।

ऐन संशोधनका लागि प्रधानमन्त्रीलाई आग्रह गरेको उल्लेख गर्दै उपाध्यक्ष लामाले ऐन खुकुलो हुने हो भने बौद्ध क्षेत्रको विकास गर्न सरकारको बजेट आवश्यक नपर्ने बताए। "संसारभर लाखौँको संख्यामा बौद्धमार्गीहरु छन्, बजेटको समस्या हुँदैन, पैसाको व्यवस्था हामी गर्छौं, बरु सयन्त्र बनाएर सरकारले नै खर्च गरोस्।" - उपाध्यक्ष लामाले भने। तिलौराकोटलगायतका बौद्ध क्षेत्रको विकासका लागि आफू प्रतिबद्ध रहेको बताउँदै उनले यसका लागि सबै क्षेत्रको साथ सहयोग आवश्यक पर्ने बताए।

कार्यक्रमको अवसरमा मंगलबार बिहान शिशु बुद्धको प्रतिमालाई शोभायात्रासहित नगर परिक्रमा गराउँदै तिलौराकोट लगेर 'प्रसूति उत्सव' गरिएको थियो। शिशु बुद्धको प्रतिमा लिन कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङसहितको टोली बुद्ध जन्मस्थल लुम्बिनी आएको थियो।

शिशु बुद्ध लिएर गएको प्रमुख जिल्ला अधिकारी तामाङसहितको टोलीलाई तिलौराकोटमा बाजागाजासहित भव्य स्वागत गरिएको थियो।

# यथास्थितिमा सरकारमा जान्नौं : श्रेष्ठ



गुल्मी। नेपाल कम्युनिष्ट पार्टी माओवादी (केन्द्र) का उपाध्यक्ष तथा पूर्व मन्त्री नारायणकाजी श्रेष्ठले माओवादी यथास्थितिमा सरकारमा जाने पक्षमा नरहेको बताएका छन्। प्रेस सेन्टर नेपाल गुल्मीले मंगलबार गुल्मीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै श्रेष्ठले माओवादी सरकारमा भन्दा पनि जनताको माँझमा गएको बताएका छन्।

माओवादीले आफ्ना विगतका गल्तीहरुलाई सच्याउँदै जनतासँगको सम्बन्धलाई मजबुत बनाउने गरी लागेको उनको भनाइ छ। सरकारमा मात्रै केन्द्रित हुँदा जनतासँगको सम्बन्ध टुटेकाले त्यसलाई सुधार गर्दै जनताको विश्वास जित्ने गरी पार्टी लागेको उनले बताए।

पार्टी सरकारमा जानेभन्दा पनि वर्तमान सरकारलाई खवरदारी गर्ने कार्य नै पार्टीले मुख्य रुपमा लिएको उनको भनाइ छ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारले सुशासनलगायतका कार्यहरु गर्दा सरकारबाट बाहिरिनु परेको बताउँदै पार्टी सुशासनको पक्षमा नै रहेको उनको दाबी छ। अहिलेको सरकारले जनताको काम गर्नेभन्दा पनि भ्रष्टाचारीहरुलाई बचाउने खेलमा लागेको उनको आरोप छ। आफू गृहमन्त्री हुँदा सुशासनलगायतका कार्यहरु गरेको दाबी गर्दै वर्तमान सरकारले जनताको पक्षमा काम गर्न नसकेको उनले बताए।

# 'सूचना प्रविधि सावधानीपूर्वक प्रयोग गर्नुपर्ने'



काठमाडौँ। सूचना प्रविधिको सावधानीपूर्वक प्रयोग गर्नुपर्नेमा सरोकारवालााले जोड दिएका छन्।

राष्ट्रिय महिला आयोगले मंगलबार यहाँ आयोजना गरेको 'विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा न्यूनीकरण' विषयक अन्तरक्रियामा सूचना प्रविधिका कारण धेरै आर्थिक तथा मानसिक तनाव भोग्नुपर्ने भएकाले सावधानीपूर्वक प्रयोग गर्नुपर्नेमा जोड दिइएको हो।

प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका प्रहरी नायव उपरीक्षक सुनिलकुमार वरनवालले सूचना प्रविधिको प्रयोग गर्दा ८५ प्रतिशत महिला तथा बालबालिका पीडित हुने गरेका, हिंसा तथा घृणास्पद अभिव्यक्ति धेरै भोग्नुपरेको बताए। उनले 'फेक प्रोफाइल' बनाउने, 'साइबर ग्रुमिङ', 'म्यासेज' र सामाजिक सञ्जालका विभिन्न माध्यमबाट धेरै हिंसा भोग्नु परिरहेको र सूचना प्रविधिको प्रयोग गर्दा सुरक्षासम्बन्धी धेरै सावधानी अपनाउनुपर्ने सुझाव दिए।

प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका प्रहरी नायव उपरीक्षक वरनवालले अपरिचित व्यक्तिले पठाएको 'लिङ्क' नखोल्ने, फोन नउठाउने, नचिनेको मान्छेलाई साथी नबनाउने आदि गर्नुपर्ने बताए।

विद्युतीय कारोबारसम्बन्धी ऐन-२०६३ ले विद्युतीय माध्यमबाट हुने हिंसाका बारेमा कानुनी उपाचारको व्यवस्था गरेको भए पनि आपत्कालीन अवस्थामा त्यसको प्रयोग गर्न सकिन्छ। फेक प्रोफाइल बनाएर र साइबर ग्रुमिङ पीडितमध्ये दैनिक ६०/७० उजुरी साइबर अनुसन्धान ब्यूरोमा आउने गरेका छन्।

आयोगका कानुन अधिकृत मुना चौलागाईंले पछिल्लो समयमा अधिकांश हिंसा विद्युतीय माध्यमबाट हुने गरेका उजुरी आउने गरेका र मासिक करिब १० उजुरी विद्युतीय माध्यमबाट हुने हिंसाका भएको बताए।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले सूचना प्रविधिको प्रयोगबाट धेरै महिला हिंसामा परेको र उजुरी आइरहेको हुनाले विद्युतीय अपराध न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने विषयमा सरोकारवालासँग छलफल गर्न कार्यक्रम आयोजना गरिएको बताइन्।

कार्यक्रममा सहभागीहरुले अपरिचित नम्बरबाट फोन, म्यासेज आउने गरेको र विद्युतीय अपराधलाई रोक्न कडाइका साथ कानुनी कारबाही हुनुपर्ने र भएको कानुन प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने सुझाव दिएका थिए।

# गुप्तासहित तीन जनाले छाडे राप्रपा




बुटवल। राप्रपा रुपन्देहीका उपाध्यक्ष राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) रुपन्देहीका उपाध्यक्ष अजय कुमार गुप्ताले पदबाट राजीनामा दिएका छन्।

मंगलबार उनले भैरहवामा पत्रकार सम्मेलन गरेर साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेको घोषणा गरेका हुन्। उनीसँगै राप्रपा रुपन्देही क्षेत्र नम्बर ३ उपाध्यक्षका डा. अमित चर्तुवेदी र राष्ट्रिय प्रजातन्त्र महिला संगठनको जिल्ला सल्लाहकार विनिता गुप्ताले पनि पार्टी परित्यागको घोषणा गरेका हुन्।

# रैथानेबाली संरक्षण गर्न 'बीउ बैंक'



दाङ। दाङको तुलसीपुर उपमहानगरपालिका-४ स्थित मूलकोट कृषि सहकारी संस्थाले रैथानेबाली संरक्षण गर्न बीउ बैंक स्थापना गरेको छ। लोप भइसकेका बालीलाई संरक्षण गर्न बीउ बैंक स्थापना गरिएको हो।

संस्थाका अध्यक्ष झरना पुनले अहिले बीउ सङ्कलन कार्य सुरु गरिएको बताउँदै आगामी दिनमा त्यसलाई उत्पादन गरेर बिक्री गर्ने योजना रहेको जानकारी दिइन्। अहिले ५० भन्दाबढी बालीको बीउ सङ्कलन गरिएको उनले उल्लेख गरिन।

"हामीले ५० भन्दाबढी लोप हुने अवस्थामा रहेका बाली सङ्कलन गरेका छौँ, ती बालीको बीउ सङ्कलन गरेर बैंक बनाएका छौँ", उनले भनिन्- "सङ्कलित बीउ उत्पादन गरेर बजारमा बिक्री गर्ने योजना बनाएका छौँ।"

कोदो, फापर, स्थानीय धान, भटमास, गहुँ, टमाटर, तिल, गहत, बोरी, टमाटरलगायत बाली उत्पादन गर्ने गरिएको छ। अहिले कतिपय स्थानीय बाली लोप भइसकेका भन्दै यसरी बीउ बैंक निर्माण गर्नु सकारात्मक पक्ष भएको तुलसीपुर उप-महानगरपालिकाका कृषि शाखा प्रमुख कुलराज चौधरीले बताए।

"परम्परागत बाली धेरै लोप भइसकेका छन्", उनले भने-"यसरी बीउ बैंक स्थापना गरेर संरक्षणको पहल थाल्नु सकारात्मक पक्ष हो।" यो कार्य सबै कृषि सहकारीहरूले गर्नुपर्नेमा उनले जोड दिए।

अनुसूचि १५
(दफा ३३ को उपदफा (२) सँग सम्वन्धित)

**मिति २०८२/०१/२६ गते यसै सँग सम्बन्धित प्रकाशित सूचना रद्ध गरि पुनः प्रथम पटक प्रकाशित काठ/दाउराको शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना**

**प्रथम पटक सुचना प्रकाशित मिति:२०८२/०१/३१**

श्री नवजागृति सामुदायिक वन उपभोक्ता समूह बाणगंगा नगरपालिका २,गोवडिहवा, कपिलवस्तुको वन क्षेत्रबाट आ.व.२०८१/०८२मा उत्पादन भइ धाटगद्धि भएको साल जातको गोलिया १०७९ थानको ६८८४.०० क्यू.फिट.काठ र अस्ना,कुसुम, वाँझी,वर्रो लगायत अन्य जातको गोलिया ६६ थान को ५३७.६२ क्यू.फिट. काठ र साल जातको दाउरा १६ चट्टा र अन्य जातको २ चट्टा गरी १८ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरीएको छ। डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो प्रथम पटक सुचना प्रकाशित गरेको मितिले २१ दिन सम्ममा सिलवन्दि वोलपत्र खरिद गरी २२ दिनको १२ वजे सम्ममा गोप्य सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।यस सम्वन्धि विस्तुत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पार्टिमा टाँस गरिएको छ।
सम्पर्क नं.९८४७३३०५०७

**हेमनाथ पौडेल**
अध्यक्ष
**नवजागृति सामुदायिक वन उपभोक्ता समुह**
**वाणगंगा न.पा.०२, गोवडिहवा, कपिलवस्तु।**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com